" कृषि उद्योग, रोजगार र पुर्वाधार, सुशासन र विकास महाराजगंजको आधार "

महाराजगंज नगरपालिका

# विनियोजन ऐन

(नगर सभाबाट स्वीकृत मिति :– २०७७/०३/१८ )

महाराजगंज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

# महाराजगंज नगरपालिका, कपिलवस्तुको विनियोजन ऐन २०७७

प्रस्तावना:
महाराजगंजनगरपालिकाको आर्थिक बर्ष २०७७ र ०७८ को सेवा र कार्यहरुको लागिसञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीयभएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नगर सभाले यो ऐनबनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. यस ऐनको नाम " महाराजगंज नगरपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७७ र ०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

१. आर्थिक वर्ष २०७७ र ०७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा रकार्यहरुका निमित्त अनुसूची १ र २ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाकोरकम समेत गरी जम्मा रकम रु.९७,१३,६०,०४७।१८-अक्षेरुपी रु.सन्तान्नब्बे करोड तेह्र लाख साठी हजार सत्चालिस पैसा अठार मात्र) मा नबढाईनिर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः

१. यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७ र ०७८ को निमित्त महाराजगन्ज नगरपालिको नगर कार्यपालिका, वडा समिति रविषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समितिर विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै मा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मारकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्चर वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फबिनियोजित र कम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्कोस्रोतमा रकम सार्न सकिनेछ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षककोजम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम

Scanned with CamScanner

सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. यो ऐन प्रारम्भ भए पश्चात संघीय सरकार, प्रदेश सरकार एवंम अन्य निकायबाट प्रा हुने सशर्त तथा निशर्त रुपमा हस्तान्तरण हुन सक्ने वित्तिय श्रोतको विनियोजन न कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

### संञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क.सं. | आयशिर्षक | प्रस्तावित आय | क.सं. | व्यय शिर्षक | प्रस्तावित व्यय |
|---|---|---|---|---|---|
| १ | अनुमानित अल्या | २०७४२१ | १ | प्रशासनिक चालु खर्च तर्फ | ९५०५० |
| २ | राजस्व नेपाल सरकार | १०५९६२.५६ | २ | अन्य फिर्ता | ७६९१८ |
| ३ | नेपाल सरकारबाट सामानीकरण | १५१४०० | ३ | आर्थिक विकास तर्फ | ८१६०० |
| ४ | शर्सत अनुदान नेपाल सरकार | २७१९०० | ४ | पुर्वाधार तर्फ | ३२४३७२ |
| ५ | प्रदेश सरकारबाट सामानीकरण | ५७०२ | ५ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ५३५७५ |
| ६ | प्रदेश सरकार राजस्व अनुदान | ५९४४ | ६ | सामाजिक विकास तर्फ | ३३९८४५ |
| ७ | प्रदेश सरकार शर्सत अनुदान | २४८५० | | | |
| ८ | जिल्ला समन्वय समिति साझेदारी | १६५०० | | | |
| ९ | समपुरक अनुदान संघ | ४००० | | | |
| १० | आन्तरिक राजश्व | १५७६८१ | | | |
| ११ | समपुरक अनुदान प्रदेश | १९९९९ | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा अम्दानी | ९७१३६० | | जम्मा खर्च | ९७१३६० |

Scanned with CamScanner